दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २४३ | बुटवल | २०८१ भदौ १३, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Aug.29 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रोल्पामा चार जनामा हैजा

रोल्पा । रोल्पाको रोल्पा नगरपालिका- १० धवाङका चार जनामा हैजा पुष्टि भएको छ ।

लुम्बिनी प्रदेश जनस्वास्थ्य प्रयोगशाला बुटवलका निर्देशक राजेशकुमार गुप्ताका अनुसार एउटै वडाका चार जनामा हैजा पुष्टि भएको हो ।

संक्रमित हुनेमा ८०, २६ र १८ वर्षका तीन महिला र ८ वर्षका बालक छन् । योसँगै यस वर्ष हैजाबाट संक्रमित हुनेको संख्या ७१ पुगेको छ । ललितपुरमा ४७, काठमाडौँमा नौ, कैलालीमा आठ, प्यूठानमा दुई र मकवानपुरमा एक जनामा यसअघि नै संक्रमण पुष्टि भएको थियो । हैजा पुष्टि भएका अधिकांश निको भइसकेका छन् । चिकित्सकका अनुसार हैजा अर्थात् कोलेरा भिब्रिओ कोलरी नामक जीवाणुको संक्रमणका कारण हुन्छ । हैजाको प्रमुख कारण पिउने पानी र खानेकुरा नै मानिन्छ ।

सामान्यतया झाडा पखालाजस्तो देखिने यो रोग केही गम्भीर प्रकृतिको हुने चिकित्सकहरू बताउँछन् । हैजा संक्रमण भएको एक घण्टादेखि पाँच दिनसम्म लक्षणहरु देखिन्छन् ।

अत्यधिक मात्रामा पातलो सेतो चौलानी जस्तो दिसा हुने, शरीरका माशंपेशी बाउँडिने, वान्ता हुने, थकाइ महसुस हुने हैजाका लक्षण हुन् । गम्भीर असर देखिन थालेपछि तत्काल उपचार नभएको खण्डमा बिरामीको मृत्युसमेत हुनसक्ने चिकित्सक बताउँछन् ।

हैजाको संक्रमणबाट सरसफाइमा ध्यान दिने, दिसा गरेपछि हातखुट्टा साबुन पानीले राम्ररी धुने, पानी उमालेर पिउने तथा काँचै खाने तरकारी तथा सलाद सफा पानीले धोइपखाली खाने बानी बसालेमा बच्न सकिने चिकित्सकको सुझाव छ ।

## ‘भ्रष्टाचारको मुद्दामा हदम्याद अस्वीकार्य’

बुटवल । नेकपा माओवादी केन्द्र र सत्तारुढ कांग्रेसकै सांसदहरुले भ्रष्टाचारको मुद्दामा हदम्याद स्वीकार्य नहुने बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रमुख सचेतक हितराज पाण्डेले भ्रष्टाचारको अन्त्य बोलीले नभई व्यवहारमा हुनुपर्ने बताए । भ्रष्टाचारसम्बन्धी ऐनमा छलफल चलिरहेको र ७६ सालमा संसदमा यस विधेयकको दफा १६ मा मूल ऐनको दफा ४५ मा संशोधन गर्न भनेर पाँच वर्षभित्र मुद्दा चलाउने विषय राखेर आएको भन्दै पाण्डेले भ्रष्टाचार जस्तो कसुरमा हदम्याद राखिनुहुन्न भन्नेमा माओवादी दृढ रहेको बताए ।

यस्तै कांग्रेस सांसद अर्जुननरसिंह केसीले ५ वर्षको हद म्याद राख्ने गरी आएको प्रस्तावित विधेयक फिर्ता लिन सरकारलाई आग्रह गरेका छन् । बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् ।

नेपाली समाजमा निराशा बढेको र यसको कारण खोजी गर्दा भ्रष्टाचारको अनुसन्धानमा पाँच वर्षको हदम्याद राख्ने प्रस्तावित विधेयक समेत रहेको सांसद केसीले जनाए । संसद बैठकमा बोल्दै केसीले भ्रष्टाचारमा हदम्यादसम्बन्धी विधेयकमा सबै हदम्यादको विपक्षमा उभिनुपर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुले पनि भ्रष्टाचारको मुद्दामा हदम्याद राख्ने प्रावधान कुनै हालतमा पारित हुन नदिने बताउँदै आएका छन् ।

# ‘प्रहरीको काम र आचरणबाट नागरिक असन्तुष्ट’



**मोहम्मद हबिब**

*भैरहवा*

नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक (आइजीपी) बसन्तबहादुर कुँवरले प्रहरीको काम र आचरणबाट नागरिक सन्तुष्ट नभएको स्वीकार गरेका छन् । विशेषगरी ट्राफिक प्रहरीको गैर व्यवसायिक आचरणका कारण प्रहरी संगठन बद्नाम भएको उनले बताए । उनले नयाँ, फ्रेस मान्छेबाट काम गराई सेटिङ भत्काउने गरी काम गर्न निर्देशन दिएका छन् ।

बुधबार जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको नवनिर्मित भवनको उद्घाटन गर्दै आइजीपी कुँवरले ट्राफिक प्रहरीप्रति आक्रोश व्यक्त गरे । ‘१० वर्षसम्म एउटै कार्यालयमा रहने प्रवृत्ति छ । यो र त्यो बहानामा भनेर राखिन्छ,’ उनले भने-‘यो परिपाटी गलत छ, अब यसरी चल्दैन, नयाँ र फ्रेस मान्छेबाट काम गर्नुपर्छ, सेटिङ भत्काउनुपर्छ ।’

आइजीपी कुँवरले स्वार्थ रहेन भने मिलाप हुने र स्वार्थ रह्यो भने सामूहिक भावनाको विकास नहुने जस्ता समस्या आउने बताउँदै सबैलाई व्यवसायिक स्वार्थ मात्रै गन्तव्य हो भन्ने धारणाका साथ त्यो गतिमा काम गर्न अनुरोध गरे ।

ट्राफिक प्रहरी र सेतो टोपी भन्ने बित्तिकै नागरिकको मन मस्तिष्कमा राम्रो चित्र छैन भन्दै उनले त्यसलाई हटाउन जरुरी रहेको बताए । ‘खराब र स्वार्थी आचरण, व्यवहार हटाउने हो, व्यवसायिक निष्ठाको कुरामा हामी देखिनु पर्छ ।’-उनले भने ।

११ सय इन्स्पेक्टर सबै तराईको सीमा क्षेत्रमा जान खोज्ने गरेको भन्दै यसभित्र स्वार्थ लुकेको बताए । ‘प्रत्येक इन्स्पेक्टर तराई अझ लुम्बिनी र मधेसको सीमा चौकी जान खोज्छ किन ? काम जहाँ पनि एउटै होइन ? म म भनेर बुझ्नुस्, यो कुरामा म सबैलाई सचेत गराउन चहान्छु,’ उनले भने -‘उच्च पदस्थ प्रहरी अधिकारीहरुर परिवारको बैंक खाता चेक गरी अनुचित आम्दानी गरेकालाई कारबाही हुने र छिट्टै एकजना डीआइजी फस्दै छन् ।’

‘रुपन्देही जिल्ला धेरै अवसर भएको जिल्ला हो, अझैं पनि चित्त बुझेको छैन । यहाँ धेरै प्रगति गर्न सकिन्छ र नगारिकलाई त्यो अनुभूति दिलाउँदै राज्यलाई पनि धेरै योगदान गर्न सकिन्छ,’ उनले भने -‘अहिलेको अवस्थामा राजस्व चुहावटको विषयवस्तु धेरै छन्, राज्यको ढिकुटी खोक्रो भएको अवस्थामा हाम्रो मुख्य काम राजस्व संकलन नभए पनि चुहावट रोकेर वा थुनेर केही टेवा पुऱ्याउन सकिन्छ ।’

अपेक्षित राजस्व रुपन्देही जिल्लाले जति दिनुपर्ने हो, त्यो दिएको छैन, कार्यसम्पादन अनुसार दिएको होला, तर त्यसैमा चुप लागेर बस्नु पर्ने अवस्था छैन । यसतर्फ धेरै सूचनाहरु मसँग छन् । हामी यसलाई आफ्नो कार्यभार ठानेर राजस्व संकलन गर्नेतर्फ लागि नेपाली उत्पादनलाई प्रवर्द्धन गर्ने गरी हाम्रो भूमिका हुनुपर्ने उनले बताए ।

» *बाँकी ३ पेजमा*

## ट्राफिक प्रहरीबाट दुःख पाइयो : मेयर



भैरहवा । सिद्धार्थनगरका मेयर इस्तियाक अहमद खानले ट्राफिक प्रहरीबाट दुःख पाएको बताएका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीको भवन उद्घाटन समारोहमा बोल्दै मेयर खानले ट्राफिक प्रहरीले ई-रिक्साको सम्बन्धमा कुनै सहयोग नगरेको बताए । मेयरले मात्रै सबै व्यवस्थापन नहुने भन्दै उनले प्रशासन, प्रहरी र ट्राफिकले सहयोग गरेमात्र काम गर्न सकिने बताए ।

बस समितिले भनेपछि काम हुने, तर स्थानीय सरकारको मेयरले भनेपछि काम नहुने भन्दै मेयर खाँले आइजीपी बसन्त कुँवरलाई नै प्रश्न गरे । यसको लागि मैले गर्नुपऱ्यो, अइजीपीले बताइदिनु पर्छ । मेयर खानले भारतीय ओभरलोड गाडीले नेपालका सडकहरु ध्वस्त भएको बताए ।

२७ टनको भन्सार गरेर ५० टनसम्म सामान बोकेर भारतीय ट्रक भित्रिदा सडकमा ठूलो क्षती भएको उनले जनाए । भारतीय गाडीलाई एक हजार जरिवाना लिएर ओभरलोड बोक्न छुट दिँदा सडक, पुललगायत संरचना भत्किदै गएको उनले बताए । ओभरलोड गाडीका कारण सडक भत्किंदा यहाँ आउने पर्यटकले दुःख पाइरहेको उनले स्पष्ट पारे । ट्राफिक प्रहरीले स्थानीय सरकारसँग समन्वय र सहकार्य नगर्ने, पर्यटकलाई दुःख दिने काम गरेको भन्दै यस्तो रोकिनुपर्नेमा उनले आग्रह गरे ।

## साफ यू-२० च्याम्पियनसीपमा नेपाल पराजित




बुटवल । साफ यू-२० च्याम्पियनसीपको फाइनलमा नेपाल पराजित भएको छ । सादोबाटोस्थित एन्फा कन्फ्लेक्समा भएको खेलमा घरेलु टोली नेपाल बंगलादेशसँग ४-१ ले पराजित भएको हो । । जितसँगै बंगलादेशले साफ यू-२० च्याम्पियनसीपको उपाधि जितेको हो ।

बंगलादेशले खेलको पहिलो हाफको इन्जुरी समयमा गोल गर्दै पहिलो अग्रता लिएको थियो । मिराजुल इस्लामले बंगलादेशका लागि पहिलो अग्रता दिलाएका थिए ।

त्यसपछि ५५औं मिनेटमा गोल गर्दै अग्रता दोब्बर र ७१औं मिनेटमा गोल गर्दै बंगलादेशले अग्रतालाई तेब्बर बनाएको थियो । दोस्रो गोल पनि इस्लामले नै गरेका थिए ।

दोस्रो हाफको इन्जुरी समयमा बंगलादेशले थप एक गोल गरेको थियो । नेपालका समिर स्याङताङले खेलको ८१औं मिनेटमा एक गोल फर्काए पनि जितका लागि पर्याप्त भएन ।

लुम्बिनी डाटा पोर्टल सार्वजनिक

## हरेक कामलाई तथ्याङ्कको आधारमा मूल्याङ्कन : मुख्यमन्त्री




दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशका हरेक कामलाई तथ्यांकको आधारमा मूल्यांकन गरिने बताएका छन् । प्रदेश सरकार र मातहतका कार्यालयले सम्पादन गरेका कामलाई तथ्यांकको आधारमा बस्तुगत मूल्यांकन गरेर अघि बढ्नुपर्ने, तथ्यांकलाई मूल्यांकनको आधार बनाउँदा वास्तविकता पत्ता लगाउन सकिने भनाइ उनको छ ।

प्रदेश योजना आयोगको आयोजनामा बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको लुम्बिनी डाटा पोर्टल सार्वजनिकरण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले आर्थिक, सामाजिक, भौतिकलगायत सबै क्षेत्रका तथ्यांकलाई यथार्थपरक बनाउनुपर्ने बताए । ‘डाटा पोर्टल बन्नु महत्वपूर्ण उपलब्धि हो । यसलाई सबै निकायले प्रयोग गर्न मिल्ने बनाउनुपर्छ,’ मुख्यमन्त्री आचार्यले भने-‘हरेक कामको मूल्यांकन तथ्यांकको आधारमा गर्नुपर्छ । यसमा सबैले ध्यान दिनुपर्नेछ ।’

मुख्यमन्त्री आचार्यले डाटा पोर्टलको उद्घाटन समेत गरेका छन् । लुम्बिनी प्रदेशको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, भौतिक, पूर्वाधारलगायत सबै विषय र पक्षका तथ्यांकलाई एकिकृत गरेर एकै ठाउँमा तथ्यांक राखिएको छ । विगतमा तथ्यांक खोज्न र प्रयोग गर्न समस्या थियो । तर, अबदेखि प्रदेशसँग सम्बन्धित सबै तथ्यांकहरु डाटा पोर्टलमा राखिएको र त्यहाँ रहेका तथ्यांक प्रयोग गर्न सकिने अवस्था रहेको प्रदेश योजना आयोगका सचिव खिमबहादुर कुँवरले बताए ।

लुम्बिनी प्रदेशको समस्थिगत स्थिति समेटिएको छ । एकीकृत रुपमा विवरण राखिएकाले यसको उपयोगिता बढेर गएको भनाइ सचिव कुँवरको छ । यो पोर्टलमा प्रदेश सरकरका विषयगत मन्त्रालयहरुले तयार पारेका आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, भौतिक पूर्वाधार, सहरी विकास, वन तथा वातावरण लगायत सबै क्षेत्रका तथ्यांकलाई एकिकृत गरिएको छ ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# राष्ट्रिय दिवस हुनसक्छ भगवती जात्रा

नेपाली फौजले अंग्रेज फौजलाई युद्धमा जितेको खुसियालीमा पाल्पाको सदरमुकाम तानसेनमा २०५ वर्षदेखि ऐतिहासिक विजयोत्सव भगवती रथयात्रा (जात्रा) निकाल्ने गरिएको छ। वि. सं १८७१ पौषदेखि १८७२ जेठसम्म बुटवल जितगढी युद्धमा नेपालले अंग्रेजलाई पराजित गरेको थियो। तत्कालीन पाल्पाका प्रशासक कर्णेल उजिरसिंह थापाको नेतृत्वमा दुई पटकसम्म अंगेज सेनासँग युद्धमा नेपालले विजय हासिल गरेको थियो।

युद्धमा अंग्रेज सेनालाई हराएको संम्झनामा वि.स.१८७७ देखि निरन्तर रुपमा प्रत्येक वर्ष पाल्पामा कृष्ण जन्माष्टमीको भोलिपल्ट नवमीको दिन विजयोत्सव स्वरुप भगवती रथयात्रा निकालेर धुमधामका साथ मनाउने गरिएको छ।

तत्कालीन प्रशासक कर्णेल थापाले बुटवल जितगढी युद्धमा विजयी भएमा तानसेनमा भगवतीको ३ तले मन्दिर बनाइ भगवतीको महिमा चारैतिर फैलाउने छु भनी भाकल गरेको जनश्रुति छ। २ पटकसम्म बुटवल जितगढी क्षेत्रमा भएको युद्धमा नेपाली फौजले विजय हासिल गरेपछि कर्णेल उजिरसिंह थापाले वि.स. १८७२ देखि ७६ सम्म गजुरसहितको ३ तले मन्दिर निर्माण पूरा गरेका थिए। आधुनिक हातहतियारसहितको तालिम प्राप्त अंग्रेज सेनासँग घरेलु हातहतियारको भरमा कुशलतापूर्वक लडेर जित्नु आफैँमा सहजै पत्यार गर्न नसकिने घटना हो।

युद्धमा नेपाली सेनाले बहादुरीका साथ लडेर अंग्रेजमाथि विजयी प्राप्त गरेकाले नेपाली सेना, जिल्लाका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले हर्षोल्लासका साथ विजयोत्सव मनाउने गरेका छन्। तर नेपालको स्वतन्त्रता र अखण्डतालाई जोगाउन ऐतिहासिक योगदान गरेको घटनासँग जोडिएको यो जात्राले जसरी राष्ट्रिय महत्व र प्राथमिकता पाउनुपर्ने हो, पाउन सकेको छैन। संघीय शासन व्यवस्था लागू भएपछि प्रदेश सरकारले रथयात्रा निकाल्ने दिन पाल्पा जिल्लामा सार्वजनिक बिदा दिने र जात्रा मनाउन स्थानीय सरकारले आर्थिक सहयोग गर्ने बाहेक यो जात्रालाई राष्ट्रिय महत्व र स्थान दिन चुकेको अवस्था छ। यसपटकको भगवती जात्रामा राष्ट्रपति रामचन्द्र पौडेल, प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायत मन्त्री, सांसदहरु सहभागी भए। यस्तो उपस्थिति स्वागतयोग्य छ। तर अब भगवती जात्रालाई राष्ट्रिय दिवस बनाउनेतर्फ वहस थाल्नुपर्छ। सरोकारवाला सबैसँग वहस गरी यो दिनलाई राष्ट्रिय दिवसको मान्यता दिलाउन सके यो विषय राष्ट्रियकरण मात्र होइन, अन्तर्राष्ट्रियकरण पनि हुन्छ। भगवती जात्रा राष्ट्रिय दिवस घोषणा हुनसके यसले पाल्पाको मात्र नभई रुपन्देहीसहित प्रदेशको पर्यटन विकासमा समेत योगदान दिनेछ। यसतर्फ सरोकारवाला संघसंस्था, तानसेन नगरपालिकालगायतले सार्थक पहल गर्न आवश्यक छ। यसपटक राष्ट्रपति रामचन्द्र पौडेलले समेत भगवती जात्रालाई राष्ट्रिय दिवस बनाउन चासो राखेको हुँदा यही मौका छोपेर मन्दिर व्यवस्थापन समिति, तानसेन नगरपालिका र सरोकारवालाले संघीय सरकारसँग लिखित माग राखेर मन्त्रिपरिषद्बाट निर्णय गराउनेतर्फ पहलकदमी लिनु जरुरी छ।

# विवाह 'बन्धन' बनिदिँदा......



बबिता बस्नेत

एउटै परिभाषाभित्र समेट्न नसकिने यो संसारमा केही छ भने त्यो मान्छे नै हो। त्यसैले कुनै जात, धर्म, समुदाय, क्षेत्र, कागजपत्रलाई नभइ मान्छेको प्रवृत्तिलाई दोष दिउँ। यस्ता प्रवृत्तिलाई न्यूनीकरण गर्न गर्नुपर्ने उपायका बारेमा कुरा गरौँ। इज्जतभन्दा जिन्दगी ठुलो हो, इज्जत धान्नका लागि जिन्दगीको आहुति नदिऔँ। विवाहलाई बन्धन होइन मुक्तिमा परिणत गर्ने प्रयास गरौँ, यस्तो मुक्ति जहाँ फरक सोँचका बीच पनि पाइलाहरूसँगै हुन सक्छन्।



जिन्दगीमा कतिपय कुराहरू अब त ठिक होला, अब त राम्रो होला भन्दा भन्दै आफूले सोंचेको कुरा ठिक नभइकन जिन्दगी सकिएजस्तै समयले 'जीवनसाथी'को अवधारणा जस्ताको तस्तै नबुझ्दै र बुझाउन नसक्दै जीवन सकिन्छ कि जस्तो अवस्थामा पुर्‍याएको छ। हामीकहाँ मात्र नभइ विश्वमै विवाह एउटा यस्तो संस्थागत संरचना हो जसले मानिसको जीवनमा दुःखमा साथ दिने, सुखमा खुशी हुने, शारीरिक, मानसिक, भावनात्मक, आर्थिक कुनैपनि कुरामा समान उपभोगको परिकल्पना गरेको छ।

हाम्रा धर्मशास्त्रहरूले पति-पत्नीको सम्बन्धलाई सुरक्षित सम्बन्धको रूपमा लिएको छ। पूजा, पाठ, ब्रत, श्राद्ध कुनै पनि कार्यमा पति-पत्नीको साथको अवधारणा लिपिबद्ध गरेको छ। जतिबेला धर्मशास्त्रहरू रचिए त्यतिबेला रुद्री, पूजापाठ, पूराण, ब्रतबन्ध, विवाहलगायतका कार्यहरू सांस्कृतिक पारिवारिक भए पनि सार्वजनिक कार्यझैँ हुन्थे, तिनमा पति पत्नीको साथको महत्व दर्शाइएको छ। हिँड्ने, लाउने-खाने, पूजा गर्ने कुरा मात्र नभइ ओछ्यानको सम्बन्धलाई पनि पूर्वीय र पश्चिमा संस्कृतिले हेर्ने दृष्टिकोण फरक छ। अङ्ग्रेजीमा भन्ने गरिएको 'सेक्सुअल रिलेशन'लाई हाम्रा शास्त्रहरूले संस्कृतमा 'सम्भोग' भनेका छन्। 'सम्भोग'को अर्थ हुन्छ समान उपभोग ! जसलाई हिन्दी र नेपालीमा सहवास भन्ने गरिएको छ, जसको अर्थ हुन्छ घनिष्ठ साथ ! पति-पत्नीबीचको शारीरिक सम्बन्धमा पनि समान उपभोगको परिकल्पना हाम्रा शास्त्रहरूमा गरिएको छ। तर विडम्बना ! हामीकहाँ बलात्कार र वैवाहिक बलात्कारको अवस्था डरलाग्दो छ।

यी सबै कुराहरूलाई जोडेर सकारात्मक रूपमा परिणाम आउला भनेर होला सायद विवाहलाई 'बन्धन' भनियो। पति-पत्नीबीच प्रतिबद्धता कायम गर्ने अर्थमा बन्धन शब्दको प्रयोग विवाहमा गरिएको हुनसक्छ। तर हामीकहाँ बन्धनको अर्थ दाम्लोमै बाँधेर राख्नेझैँ रूपमा लिइयो। नेपाली शब्दकोषले पनि बन्धनको अर्थ बाँधिने कुरा या दासता भनेर नै उल्लेख गरिएको छ। बन्धन शब्दमा टेकेर विवाह भइसकेपछि त मानिसको आफ्नो जिन्दगी भन्ने नै हुन्न झैँ गर्ने गरिएको छ। पति या पत्नीप्रतिको इमान्दारी बाहेक पनि जीवनमा धेरै कुरा हुन्छन्, जो नितान्त निजी हुन्छन्। मानिस स्वतन्त्रतापूर्वक बाँच्न मन पराउने प्राणी हो। अन्य प्राणी र मानिसबीच हुने सबैभन्दा ठूलो भिन्नता विवेक हो। मानिससँग विवेक पनि हुनेहुनाले अन्य प्राणी भन्दा उ फरक छ, धेरै कुरा सोच्न र गर्न सक्छ। खुशी, दुःख, भावनालगायतका कुराहरू प्रायः मानिसका निजी हुन्छन्। तर हामी पति या पत्नीलाई जेमा खुशी लाग्छ एकर्काले त्यही गर्नुपर्ने ठान्छौँ। प्रायः श्रीमान्-श्रीमतीबीचको सबैभन्दा ठुलो फरक र मतभिन्नता यही कुराबाट सुरु हुन्छ। मैले जस्तै उसले सोचिदिनुपर्ने, गरिदिनुपर्ने, आफूले चाहेको लगाइदिनुपर्ने, खाइदिनुपर्ने, हिँडिदिनुपर्ने', सूची लामो हुनसक्छ।

जिन्दगीमा कतिपय कुराहरू अब त ठिक होला, अब त राम्रो होला भन्दा भन्दै आफूले सोचेको कुरा ठिक नभइकन जिन्दगी सकिएजस्तै समयले 'जीवनसाथी'को अवधारणा जस्ताको तस्तै नबुझ्दै र बुझाउन नसक्दै जीवन सकिन्छ कि जस्तो अवस्थामा पुर्‍याएको छ। हामीकहाँ मात्र नभइ विश्वमै विवाह एउटा यस्तो संस्थागत संरचना हो जसले मानिसको जीवनमा दुःखमा साथ दिने, सुखमा खुशी हुने, शारीरिक, मानसिक, भावनात्मक, आर्थिक कुनै पनि कुरामा समान उपभोगको परिकल्पना गरेको छ।

हाम्रा धर्मशास्त्रहरूले पति-पत्नीको सम्बन्धलाई सुरक्षित सम्बन्धको रूपमा लिएको छ। पूजा, पाठ, ब्रत, श्राद्ध कुनैपनि कार्यमा पति-पत्नीको साथको अवधारणा लिपिबद्ध गरेको छ। जतिबेला धर्मशास्त्रहरू रचिए त्यतिबेला रुद्री, पूजापाठ, पूराण, ब्रतबन्ध, विवाहलगायतका कार्यहरू सांस्कृतिक पारिवारिक भएपनि सार्वजनिक कार्यझैँ हुन्थे, तिनमा पति पत्नीको साथको महत्व दर्शाइएको छ। हिँड्ने, लाउने-खाने, पूजा गर्ने कुरामात्र नभइ ओछ्यानको सम्बन्धलाई पनि पूर्वीय र पश्चिमा संस्कृतिले हेर्ने दृष्टिकोण फरक छ। अङ्ग्रेजीमा भन्ने गरिएको 'सेक्सुअल रिलेशन'लाई हाम्रा शास्त्रहरूले संस्कृतमा 'सम्भोग' भनेका छन्। 'सम्भोग'को अर्थ हुन्छ समान उपभोग ! जसलाई हिन्दी र नेपालीमा सहवास भन्ने गरिएको छ, जसको अर्थ हुन्छ घनिष्ठ साथ ! पति-पत्नीबीचको शारीरिक सम्बन्धमा पनि समान उपभोगको परिकल्पना हाम्रा शास्त्रहरूमा गरिएको छ। तर विडम्बना ! हामीकहाँ बलात्कार र वैवाहिक बलात्कारको अवस्था डरलाग्दो छ।

यी सबै कुराहरूलाई जोडेर सकारात्मक रूपमा परिणाम आउला भनेर होला सायद विवाहलाई 'बन्धन' भनियो। पति-पत्नीबीच प्रतिबद्धता कायम गर्ने अर्थमा बन्धन शब्दको प्रयोग विवाहमा गरिएको हुनसक्छ। तर हामीकहाँ बन्धनको अर्थ दाम्लोमै बाँधेर राख्नेझैँ रूपमा लिइयो। नेपाली शब्दकोषले पनि बन्धनको अर्थ बाँधिने कुरा या दासता भनेर नै उल्लेख गरिएको छ। बन्धन शब्दमा टेकेर विवाह भइसकेपछि त मानिसको आफ्नो जिन्दगी भन्ने नै हुन्न झैँ गर्ने गरिएको छ। पति या पत्नीप्रतिको इमान्दारी बाहेक पनि जीवनमा धेरै कुरा हुन्छन्, जो नितान्त निजी हुन्छन्। मानिस स्वतन्त्रतापूर्वक बाँच्न मन पराउने प्राणी हो। अन्य प्राणी र मानिसबीच हुने सबैभन्दा ठुलो भिन्नता विवेक हो। मानिससँग विवेक पनि हुनेहुनाले अन्य प्राणीभन्दा उ फरक छ, धेरै कुरा सोच्न र गर्न सक्छ। खुशी, दुःख, भावनालगायतका कुराहरू प्रायः मानिसका निजी हुन्छन्। तर हामी पति या पत्नीलाई जेमा खुशी लाग्छ एक अर्काले त्यही गर्नुपर्ने ठान्छौँ। प्रायः श्रीमान्-श्रीमतीबीचको सबैभन्दा ठूलो फरक र मतभिन्नता यही कुराबाट सुरु हुन्छ। मैले जस्तै उसले सोचिदिनुपर्ने, गरिदिनुपर्ने, आफूले चाहेको लगाइदिनुपर्ने, खाइदिनुपर्ने, हिँडिदिनुपर्ने', सूची लामो हुनसक्छ।

फरक-फरक पृष्ठभूमिका मानिस विवाहपछि एकै ठाउँ बस्दा सँगै बस्न नसक्ने समय आउनसक्छ भनेर नै सम्बन्ध बिच्छेदको कानून बनेको छ। फिलिपिन्समा बाहेक सबै देशमा यो कानून छ। फिलिपिन्समा पनि सम्बन्ध विच्छेद नभनेपनि विवाहमा क्रुरता आयो भने अन्य केही कानुनले सँगै नबस्ने छुट दिएको छ। शारीरिक आक्रमण त के' कसैले कुनै पनि प्रकारको मानसिक, मनोवैज्ञानिक र आत्मसम्मानमाथि चोट पुर्‍याउँछ भने समाजले के भन्ला, आफन्तले के भन्लान् भनेर त्यस्तो मान्छेको साथमा बसिरहनु आवश्यक छैन। बाबुआमाले, दाजुभाइ, दिदी-बहिनी या परिवारले आफ्ना छोरी, दिदी-बहिनी कस्तो अवस्थामा छन् खोजी गरिरहनु आवश्यक छ र, यदि उनीहरूले अप्ठ्यारो महसूस गरिरहेका छन् भने आफ्नो घर आउ भनेर निर्धक्क उनीहरू घर आउने अवस्था हुनुपर्छ। हामीकहाँ छोरीले विवाह गरेर गएपछि आफ्नो सम्पूर्ण दायित्व सकिएको ठान्दै उनीहरू जन्मघर आउँदा बस्ने कोठासमेत हुँदैन। छोरी या दिदीबहिनी कुनै पनि बेला फर्किएर आउन सक्छिन् भन्ने कुरा अब सबैले सोचेर सोही अनुरुपको मानसिक तयारी गर्नुपर्छ।

सकेसम्म कसैले पनि जोडिएको सम्बन्ध टुटाउन चाहँदैन, अति भयो भनेमात्रै हो फर्किएर आउने। उनीहरू फर्किएर आउँदा सामान्य रूपले लिने अवस्था हामीले घरमा सिर्जना गर्न सकेनौँ भने हाम्रा दिदी-बहिनी, छोरीहरू मर्ने/मारिने क्रममा कमी हुनेछैन। केही वर्ष अघिसम्म सम्बन्ध विच्छेद ठूलो सामाजिक लज्जाको विषय थियो जसका कारण धेरै महिलाले सम्बन्ध धान्न नसक्दा आत्महत्या गरे, कतिको हत्या भयो। आत्महत्याको कारण खोजिएन, यदि खोजिएको भए पति-पत्नी र पतिको परिवारसँगको जोखिमपूर्ण सम्बन्ध नै आत्महत्याको कारण हो भन्ने निष्कर्ष हुने थियो भन्न सकिन्छ।

पछिल्लो समयमा मुलुकमा धेरै कुरा परिवर्तन भयो। राज्य संरचना फेरियो, नीति, कानूनहरू बने तर मानसिकता परिवर्तन हुन सकेन। अहिले पनि हामी 'त्यसै मार्‍यो होला र ?' भन्ने प्रश्नलाई केन्द्रमा राख्छौँ भने हामी मान्छे बन्न बाँकी नै छ भनेर बुझ्नुपर्ने हुन्छ। मानिस आफ्नो जिन्दगीको चालक आफैँ हो। आफूले चलाउँदै आएको जिन्दगीको गाडीमा अरुको प्रवेश भएपछि सबै यात्रुहरू राम्रै पर्छन् भन्ने छैन। डिस्टर्व गरिरहने मानिस परे भने गाडी दुर्घटना हुनसक्छ, त्यसैले हरेक कुरामा निहुँ खोजिरहने मानिससँग अब सँगै यात्रा गर्न सकिन्न भन्ने लाग्यो भने उसलाई आफ्नो जिन्दगीबाट उतार्नु नै बुद्धिमानी हुन्छ।

कतिले सही समयमा निर्णय लिन नसक्दा पल-पलमा मृत्यु पुकार्दै जिन्दगी बिताइरहेका र बिताएका पनि छन्। सँगै यात्रा गर्न भनेर जिन्दगीमा आएको यात्रु सबै नराम्रै हुन्छन् भन्ने छैन तर रातभरी झगडा गरेर बिहान सुन्निएको आँखालाई गाजलले छोपछाप पारेर काममा जाने महिलाहरूको संख्या धेरै छ। कतिबेला आई/आयो, कतिबेला गई/गयो, कहाँ गई/गयो सामाजिक सञ्जालको पासवर्ड के हो ? मोबाइल किन हेर्न नदिएको ? इनबक्समा कसले के लेख्यो, म्यासेज के पठायो, किन पठायो, अहिलेका जोडीहरूको सबैभन्दा चासो यी र यस्तै विषयवरिपरि घुमेको देखिन्छ।

अमेरिकामा नरेश भट्टले पत्नी ममताको हत्या गरेपछि अहिले 'डिभी, पीआर, विदेशमा बस्ने केटा खोज्दा यस्तै हुन्छ' भन्ने भाष्य निर्माण गरिँदै छ। वास्तविकता त के हो भने नेपालकै शहर र गाउँघरमा पनि यस्ता घटनाहरू हुँदै आएका छन्। यस्ता घटना डिभी, पीआर या नेपाली नागरिकताले गर्ने होइन, मान्छेले गर्ने हो। मान्छे जहाँ गएपनि मान्छेसँगै 'एटिच्युड' पनि प्लेन चढेर जाने रहेछन्। प्रेम गर्दा या विवाह गर्दा मान्छे कस्तो हो सुरुमा थाहा हुँदैन। मान्छेको रूप कतिबेला बदलिन्छ भन्नै सकिन्न। एउटै परिभाषाभित्र समेट्न नसकिने यो संसारमा केही छ भने त्यो मान्छे नै हो। त्यसैले कुनै जात, धर्म, समुदाय, क्षेत्र, कागजपत्रलाई नभइ मान्छेको प्रवृत्तिलाई दोष दिउँ। यस्ता प्रवृत्तिलाई न्युनीकरण गर्न गर्नुपर्ने उपायका बारेमा कुरा गरौँ। इज्जत भन्दा जिन्दगी ठुलो हो, इज्जत धान्नका लागि जिन्दगीको आहुति नदिऔँ। विवाहलाई बन्धन होइन मुक्तिमा परिणत गर्ने प्रयास गरौँ, यस्तो मुक्ति जहाँ फरक सोचका बीच पनि पाइलाहरू सँगै हुन सक्छन्। घटना र विचारबाट

# सामान्य अङ्कले बढ्यो नेप्से परिसूचक



काठमाडौँ। यो सातामा कारोबारका अघिल्ला दुई दिन लगातार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार भने सामान्य अङ्कले बढेको छ। नेप्से परिसूचक तीन दशमलव ८० अङ्कले बढेर दुई हजार सात सय ८६ दशमलव ४० को विन्दुमा कायम भएको हो।

दुई सय २६ कम्पनीको तीन करोड ५० लाख सात हजार ३९ कित्ता शेयर एक लाख ६८ हजार एक सय ७५ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब ७२ करोड ७३ लाख ६८ हजार तीन सय ९३ बराबरको कारोबार भएको छ। आजको कारोबारमा बैंकिङ शून्य दशमलव ९२, होटल तथा पर्यटन शून्य दशमलव ०९, जलविद्युत् शून्य दशमलव ४९ र लगानी एक दशमलव ०१ प्रतिशतले बढेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३, म्युचुअल फण्ड शून्य दशमलव ९३ र अन्य समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। व्यापार एक दशमलव ४३, निर्जीवन बिमा शून्य दशमलव ९७, लघुवित्त एक दशमलव ०८, जीवन बिमा शून्य दशमलव ४४, वित्त एक दशमलव ६९ र विकास बैंक शून्य दशमलव ८० प्रतिशतले घटेको छ।

लिबर्टी इनर्जी कम्पनी लिमिटेड, हिमालयन हाइड्रोपावर लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ८८ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै चन्द्रागिरि हिल्स लिमिटेडको रु ४३ करोड सात लाख ८६ हजार नौ सय बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा हाइड्रोइलेक्ट्रिस सिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १० लाख ६० हजार दुई सय ८४ कित्ता शेयर खरिदबिक्री भएको छ।

# महका यति धेरै फाइदाहरू



मौरी एक प्रकारको फाइदाजनक किरा हो। यसले उत्पादन गरेको मह गुलियो, अति नै पोषिलो र गुणकारी हुन्छ। यसको दैनिक प्रयोगबाट शरीरमा शक्ति प्रदान गर्नुका साथै विभिन्न रोगहरु भगाउन सक्ने भरपुर शक्ति रहेको हुन्छ।

घरमै शरीरको फ्याट घटाउन शताब्दीयौं देखि महको प्रयोग विभिन्न तरिकाबाट हुँदै आएको छ।

कोहि यसलाई बोसो घटाउन त कोही बढाउनका लागि प्रयोग गर्छन्। अर्कोतर्फ, पुरानो महले शरीरको मेटाबोलिज्ममा मद्दत गर्छ जसले कफ हटाउँछ। आयुर्वेद विज्ञ डाक्टर दिक्षा भावसारले आफ्नो इन्स्टाग्राम पोस्टमा महले मानव शरीरमा पुर्‍याउने फाइदा बारे बताएका छन्।

**आयुर्वेदका अनुसार महका फाइदाहरु..**

१) मह आँखाका लागि धेरै राम्रो हुन्छ

२) यसले तिर्खा मेटाउँछ र कफ निकाल्छ

३) पिसाब नलीमा गडबडी, दम, खोकी, पखाला र वाकवाकी-वान्ताका लागि धेरै उपयोगी हुन्छ।

४) यो प्राकृतिक डिटोक्सिफायर हो।

५) यो मुटुको लागि राम्रो हुन्छ, छालामा सुधार ल्याउँछ।

६) गहिरो घाउ छिटो निको पार्न मद्दत गर्छ।

७) स्वस्थ ग्रेन्युलेसन टिश्युको विकास सुरु गर्दछ।

यसरी महको प्रयोग नगर्नुहोला

१) मह तातो खाना वा पानीमा मिसाउनु हुँदैन।

२) तातो ठाउँमा काम गर्दा मह खानु हुँदैन।

३) महलाई घ्यूमा वा तातो, मसलादार खानामा मिसाउनु हुँदैन।

४) साथै यसलाई पेय पदार्थ (जस्तै, व्हिस्की, रम, ब्रान्डी) वा तोरीसँग मिसाउनु हुँदैन।

कसरी प्रयोग गर्ने

१) यदि तपाइँ मोटोपनाको लागि प्रयोग गर्दै हुनुहुन्छ भने, एक गिलास मन तातो पानीमा १ चम्चा मह लिनुहोस्।

२) १ चम्चा महमा १ चम्चा बेसार र १ चम्चा मरिच मिसाएर पिउनाले रुघाखोकी, साइनसाइटिस, तथा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न सहयोग गर्छ।

# बाढी पहिरो लगायतका विपद्मा परी २१० को मृत्यु



काठमाडौँ । अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी दुई सय १० जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा तीन जना, कोशी प्रदेशमा २९ जना, मधेस प्रदेशमा आठ जना, बागमती प्रदेशमा ४६ जना, गण्डकी प्रदेशमा ५६ जना, लुम्बिनी प्रदेशमा ३८ जना, कर्णाली प्रदेशमा १४ जना र सुदूरपश्चिम प्रदेशमा १६ जना गरी जम्मा दुई सय १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार बाढी पहिराका कारण काठमाडौँ उपत्यकामा ११ जना, कोशी प्रदेशमा ४२ जना, मधेस प्रदेशमा १२ जना, बागमती प्रदेशमा ३१ जना, गण्डकी प्रदेशमा ४७ जना, लुम्बिनी प्रदेशमा २५ जना, कर्णाली प्रदेशमा ६८ जना र सुदूरपश्चिम प्रदेशमा ३६ जना गरी जम्मा दुई सय ७२ जना घाइते भएका छन् ।

बाढीपहिरोमा परेका काठमाडौँ उपत्यकामा ३३ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा चार जना, कर्णाली प्रदेशमा दुई जना र सुदूरपश्चिम प्रदेशमा एक सय एक जना गरी जम्मा दुई सय १५ जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताए ।

उनले भने-"बाढी पहिरोमा परी कोशी प्रदेशमा तीन जना, मधेस प्रदेशमा एक जना, बागमती प्रदेशमा ४३ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ५२ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ ।"

बाढीको कारण चार सय आठ घर डुबानमा परेका छन् । तीन सय ६५ वटा घर, एक सय २६ वटा गोठ, ५३ वटा पुल, सात वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जाएको छ । बाढीपहिरोबाट नौ सय ७२ वटा पशुचौपायाको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट छ हजार ४९ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिए ।

# फोहोर वर्गीकरणसम्बन्धी सचेतना



देवदह । देवदह नगरपालिका-९, वडा कार्यालयले फोहोर वर्गीकरणसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ । विगत लामो समयदेखि गाउँ/टोलको फोहोर नउठेपछि वडा कार्यालयले वर्गीकरणसहित सचेतना कार्यक्रम गरेको हो ।

फोहोर वर्गीकरण अभियानको शुभारम्भ गर्दै वडाध्यक्ष मोहनबहादुर जिसीले फोहोर व्यवस्थापनको लागि वर्गीकरण अभियानसँगै सचेतना कार्यक्रम गरेको बताए । उनले देवदह नगरपालिकाले बुद्ध सामुदायिक वन क्षेत्रमा फोहोर व्यवस्थापन गर्दै आएको, तर पछिल्लो समय दुर्गन्ध फैलिएको भन्दै स्थानीयवासीले विरोध गरेपछि फोहोर नउठेको जानकारी दिए ।

वडाध्यक्ष जिसीले वर्गीकरण गरेपछि फोहोर व्यवस्थापन गर्न सजिलो हुने हुँदा वडा कार्यालयले अभियान सञ्चालन गरेको बताए । उनले फोहोर वर्गीकरणसँगै वडाको सरसफाइ गरिने गरी अभियान सञ्चालन गरेको बताए । उनले टोल/नगरलाई सफा राख्न सके स्वास्थ्य समेत रहने हुँदा वडा कार्यालयले फोहोर वर्गीकरणको अभियानलाई तिव्रता दिएको बताउँदै वडाको हरेक टोलमा पुगेर फोहोर वर्गीकरण गर्ने जानकारी दिए । उनले टोल/गाउँको फोहोर व्यवस्थापन गर्नको लागि वडा कार्यालयले फोहोर डस्टविनको समेत व्यवस्था गर्ने बताए ।

उनले गाउँ/टोललाई सरसफाइ राख्नको लागि सबैको साथ र सहयोग आवश्यक रहने बताउँदै फोहोर वर्गीकरणमा सम्पूर्ण नागरिक लाग्नु पर्नेमा जोड दिए । उनले पछिल्लो समय छाडा चौपायका कारण दुर्घटनाको जोखिम बढेको भन्दै बाटोमा छोडिएका छाडा चौपायालाई वडा कार्यालयले स्थापना गरेको गौशालामा लैजान समेत आग्रह गरे ।

वडाध्यक्ष जिसीले वडा कार्यालयले सरसफाइ अभियानलाई तीब्रता साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे । वडाध्यक्ष जिसीको नेतृत्व र वडा सदस्य कृष्णमाया रानाको सञ्चालनमा भएको फोहोर वर्गीकरण अभियानमा जनप्रतिधि, टोल विकास संस्थाका प्रतिनिधि, वडामा रहेका विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि, बजार व्यवस्थापन समितिलगायतको सहभागिता रहेको थियो ।

## प्रहरीको...

हामीप्रति लाग्ने जुन शंका, उपशंका छ, हाम्रो प्रवृत्ति छ, व्यवहारगत समस्या छन्, त्यसलाई परिवर्तन गरेर विशुद्ध रुपमा हामीले सम्पादन गर्ने कार्य र प्रदान गर्ने सेवा प्रवाहको स्तर नागरिकमैत्री हुनुपर्ने र नागरिकले अनुभूति गर्नुपर्ने बताउँदै उनले त्यसतर्फ सदैब सजग हुन प्रहरी कर्मचारीहरुलाई निर्देशन दिए ।

रुपन्देहीको सीमाबाट सुरुवात भएको एकिकृत सुरक्षा जाँच प्रणाली अन्य नाकाहरुमा पनि लागू गर्नुपर्ने उनले बताए । हामीले पोस्ट त खडा गर्‍यौं, तर यसको उद्देश्यअनुसार काम गर्न सकेनौ भने त्यसको अर्थ छैन भन्दै उनले रुपन्देहीको लुम्बिनी घुम्न अन्तर्राष्ट्रिय पर्यटक आउने थलो भएकाले यहाँ प्रहरीले पर्यटकमैत्री व्यवहार गर्नुपर्ने बताए । उनले प्रहरीभित्र आन्तरिक शुद्धिकरणको कुरा प्रमुख भएको जनाए ।

पक्षपातपूर्ण काममा कसैलाई छुट छैन, पीडितलाई झनै पीडित बनाउने काम हुन्छ कि भनेर सचेत हुनुपर्ने उनले बताए ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआइजी) कुवेर कडायतले व्यवस्थित कार्यालय भएमा प्रहरीको आत्मबल बढ्ने बताए ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्ला प्रहरी कार्यालयले व्यवस्थित संरचना पाएको बताए । उनले प्रहरी नागरिकको सेवामा अझ दत्तचित्त भएर लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रंजित सिंह राठौरले सुविधासम्पन्न भवनले प्रहरीको आत्मबल बढाउने विश्वास व्यक्त गरे ।

१४ करोड ९६ लाख ९४ हजार ५ सय ९१ रुपैयाँको लागतमा २०७६ माघ १७ गतेबाट निर्माण सुरु भइ २०८१ साउन ३१ गते निर्माण सम्पन्न भएको हो । पहिलो चरणमा कार्यालय भवन, हिरासत भवन, व्यारेक भवन, कार्यालय प्रमुख निवास, सिनियर प्रहरी अधिकृत निवास, मेस भवन, नागरिकता सहायता कक्ष र शौचालय निर्माण, कम्पनी किरातेश्वर न्यू ड्रागन जेभि काभ्रेमार्फत् कार्यालयकै जग्गामा भएको हो भने दोस्रो चरण चमेना गृह, ट्रेड सप, ग्यारेज र सतह निर्माणके काम सपना सुन्दरी इञ्जिनियरिङ्ग तिलोत्तमाले गरेको लुम्बिनी प्रदेश प्रहरी कार्यालय भौतिक पूर्वाधार शाखा प्रमुख प्रहरी नायव उपरीक्षक (डीएसपी) ई. रोशन सारु मगरले जानकारी गराए ।

कार्यालयको आवश्यकतालाई पूरा गर्नेगरी भवनको योजना र डिजाइनमा ८ सय ५८ वर्ग मिटर कुल क्षेत्रफलमा २२ वटा कोठासहित २ तले र आधा तले कार्यालय भवन, २७७ वर्गमिटर कुल क्षेत्रफलमा ८ वटा कोठासहितको २ तले हिरासत भवन, १२३९ वर्गमिटर कुल क्षेत्रफलमा २०४ जना जनशक्ति रहन सक्ने २ वटा ३ तले व्यारेक भवन, १५८ वर्गमिटर क्षेत्रफलमा ८ वटा कोठासहितको डेढ तले कार्यालय प्रमुख निवास, २८२ वर्गमिटर कुल क्षेत्रफलमा ८ वटा कोठासहितको तीन तल्ले सिनीयर प्रहरी अधिकृत निवास, २७६ वर्गमिटर क्षेत्रफलमा ५ कोठासहितको ढेड तल्ले भान्सा घर र २५ वर्गमिटरको १० वटा कोठा भएको २ वटा शौचालय, ८० वर्गमिटरको ट्रेड सप, २९ वर्गमिटरमा चमेना गृह र ४ सय वर्गमिटर क्षेत्रफलमा ग्यारेज निर्माण सम्पन्न भएको छ ।

## हरेक...

यसका साथै स्वतन्त्र अनुसन्धानकर्ताहरुले तयार पारेका तथ्यांकलाई समेट समेटिएको छ । लुम्बिनी प्रदेशको समग्र विकासमा एकिकृत तथ्यांकले टेवा पुग्ने नेपाल ईन डाटा कार्यालयका प्रमुख तथ्यांक अधिकृत सन्तोष गरतौलाले बताए । डाटा पोर्टललाई तथ्यांक बैंकको रुपमा प्रयोग गर्न सकिने भनाइ उनको छ ।

संघ, प्रदेश, जिल्ला र पालिकासम्मका तथ्यांकहरु समावेश गरिएको छ । लुम्बिनी प्रदेश सरकारले दोस्रो आवधिक योजना निर्माण गरिरहेको छ। पहिलो आवधिक योजना निर्माण गर्दा तथ्यांकको अभाव भए पनि अब बनाउने आवधिक योजनाहरुमा डाटा पोर्टलमा रहेका तथ्यांकले सहयोग पुग्ने विश्वास गरिएको छ । पालिका तथा मन्त्रालयहरुको बिचमा एउटै सूचकमा रहेका तथ्यांकबिच तुलना गर्न सकिने समेत व्यवस्था गरिएको छ। यूकेएडको सहयोगमा सञ्चालित द एसिया फाउन्डेसनको विकासका लागि तथ्यांक कार्यक्रमको सहजीकरणमा प्रदेश योजना आयोगले डाटा पोर्टल निर्माण गरेको हो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.स.ु.प.)

**श्री भूमिसुधार तथा मापलपोत कार्यालय नवलपरासी(ब.स.ु.प.)बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सर्वजनिक सूचना ।**

मिति २०८१/०४/२७

जिल्ला नवलपरासी (ब.सु.प.)साविक गा.वि.स गेरमी वार्ड नं. ६हाल परिवर्तित पाल्हीनन्दन गाउँपालिका वार्ड नं. ५ बस्ने नईम अली धुनियाु -,ऐनुल अली-१ ,समसुल अली धुनिया-१ नियामुल धुनिया-१ रौफ अली-१ र रुहुल अली-१ समेत जना ५ को संयुक्त नाउँमा दर्ता कायय भएका जिल्ला नवलपरासी,साविक गा.वि.स गेरमी वार्ड नं ६को कि.नं.२०८,७३,८६ र ८८ तथा ऐ ऐ वार्ड नं.५ का कि.नं.४६८,५५४,४०४ र ४०५ का जग्गाहरु रहेकोमा निज जग्गाधनीहरुमध्ये नियामुल धुनियाको मिति २०७८/१२/१२ मा मृत्यु भएको र निजको हकवाला एकमात्र पत्नी म ओजिफा धुनिया रहेको ,त्यस्तै जग्गाधनी मध्येको अर्का एक नईम अली धुनियाको २०८०/१०/२३ मा तथा निजको सबभन्दा नजिकको हकवाला एकमात्र पत्नी मैमुन निसाको पनि मिति २०७९/०१/१९ मा मृत्यु भएकोले निजहरुको हकवालामा दुई छोराहरु जेठो मुन्ना अली धुनिया र कान्छो कलामुद्दिन धुनिया भएकोमा जेठो मुन्ना अली धुनियाको मिति २०६२/१२/०४ मा मृत्यु भए पश्चयत् निजको एक मात्र पत्नी सहिबुन निसा २०६४सालमा दोस्रो बिवाह गरी अन्तै गएको र निज स्व.मुन्ना अली धुनिया र सहिबुन निसाबाट जन्मेका एकमात्र हकवाला छोरा म फुजैल अली मंसुरी भएको हुदाँ माथि उल्लेखित कित्ता जग्गाहरु उपर जीवित जग्गाधनीहरु ऐनुल अली,समसुल अली धुनिया ,रौफ अली,र रुहुल अली समेतको हकहिस्सा यथावत कायम राखी मृतक ज.ध.नियामुल धुनियाको हकहिस्सा निजको हकवाला एक मात्र पत्नी म ओफिज. धुनियाको नाउँमा तथा अर्का मृतक ज.ध.नईम अली धुनियाको हकहिस्सा निजको कान्छो छोरा म कलामुद्दिन धुनिया तथा जेठो छोरा स्व.मुन्ना अली धुनियाको छोरा तथा मृतक नईम अली धुनियाको नाति फुजैल अली मंसुरीको संयुक्त नाउँमा नामसारी गरी अब उप्रान्त उक्त जग्गाहरुको श्रेस्तापूर्जा साविक जग्गाधनीहरु ऐनुल अली-१,समसुल अली धुनियु-१,रौफ अली-१ र रुहुल अली-१ र मृतकहरुका हकवाला ओफिजा धुनिया-१ तथा कलामुद्दिन धुनिया-१ र फुजैल अली मंसुरी -१ समेत जना ७ को संयुक्त नाउँमा कायम गराइपाऊँ भनी यस श्री भूमिसुधार तथा मापलपोत कार्यालय नवलपरासी(ब.सु.प.)मा दिएको माग दाबी निवेदन सम्बन्धमा निवेदकहरु बाहेक मृतक जग्गाधनीहरुको हकहिस्सा जग्गाको अन्य कोही हकवालाहरु भए वा निज मृतक जग्गाधनीहरुलाई जीवित छँदासम्म पालपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (पैतीस)दिनभित्र यस श्री भूमिसुधार तथा मापलपोत कार्यालय नवलपरासी(ब.सु.प.)परासीमा हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५(पैतीस) दिने सूचना सबन्धित सबैका लागि जारी गरिएको छ ,अन्यथा नियानुसार भईजाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.स.ु.प.)

**श्री भूमिसुधार तथा मापलपोत कार्यालय नवलपरासी(ब.सु.प.)बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सर्वजनिक सूचना ।**

मिति २०८१/०४/२७

जिल्ला नवलपरासी (ब.स.ु.प.),साविक गा.वि.स. गेरमी वार्ड न ६ हाल परिवर्तित पाल्हीनन्दन गाउँपालिका वार्ड नं ५ बस्ने कलामुद्दीन धुनिया -१ र फुजैल अली मंसुरी-१ समेत जना २ ले कारमुलाहको नाति,सलीम धुनियाको छोरा ऐ ऐ बस्ने हाम्रा बाबु/बाजे नईम अली धुनियाको नाउँमा दर्ता कायम भएका जिल्ला नवलपरासी,साविक गा.वि.स.गेरमी वार्ड नं ६ को कि.नं.८४५ ज.वि.०-१-१ 1/4 का जग्गा रहेकोमा निज जग्गाधनी बाबु /बाजेको मिति २०८०/१०/२३ मा तथा निजको सबभन्दा नजिकको हकवाला एकमात्र पत्नी मैमुन निसाको पनि मिति २०७९/०१/१९मा मृत्यु भएकोले निजहरुको हकवालामा दुई छोराहरु जेठो मुन्ना अली धुनिया र कान्छो म कलामुद्दिन धुनिया भएकोमा जेठो मुन्ना अली धुनियाको अली मिति २०६२/१२/०४मा मृत्यु भए पश्चयत निजको एकमात्र पत्नी सहिबुन निसा २०६४ सालमा दोस्रो बिवाह गरी अन्तै गएको र निज स्व.मुन्ना अली धुनिया र सहिबुन निसाबाट जन्मेको एकमात्र हकवाला छोरा म फुजैल अली मंसुरी भएको हुदाँ बाबु/बाजे स्व नईम अली धुनियाको नाउँको माथि उल्लेखित कित्ता जग्गाको हकवालामा निजको जेठो छोरा स्व.मुन्ना अली धुनियाको छोरा तथा मृतक जग्गाधनीको नाति म फुजैल अली मंसुरी-१ र कान्छो छोरा कलामुद्दिन धुनिया-१ समेत जना २ मात्र भएको हुदाँ उक्त जग्गा हामीहरुको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनि यस श्री भूमिसुधार तथा मापलपोत कार्यालय नवलपरासी (ब.सु.प.)मा पेश गरेको माग दाबी निवेदन सम्बन्धमा निवेदकहरु बाहेक मृतक जग्गाधनीको अन्य कोही हकवालाहरु भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी(ब.सु.प.) परासीमा हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैतिस) दिने सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ,अन्यथा नियामानुसार भईजाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



**Baganaskali Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chirtungdhara, Palpa**

**Invitation Sealed Quatation for Supply and Delivery Stationary Goods.**

**Contract Identification No: BRM/PLP/GOODS/SQ/01/081-82**

First Date of Publication: 2024-08-29(2081-05-29)

1. The Baganaskali Rural Municipality invites Sealed quotation from registered Suppliers for Supply and Delivery of Stationary goods . Eligibles Bidders may obtained further information and inspect the bidding documents at the Office of the Baganaskali Rural municipality.Phone no-9857068464, 9841726209 e-mail baganaskali.rural@gmail.com .
2. Bidding documents must be purchased only from Baganaskali Rural Municipality officeby eligible Bidders, on submission of a written application and upon payment of NRs. 1000 ( non-refundable) fee for bid documents toNepal Bank Limited ,PalpaAntarik Rajaswo Khata01703000001001000001 until the (last date of purchase of bidding document)(2081-05-27)2024-09-12,during office hour.
   *Information for depositing the cost of bidding document in Bank:*
   *Name of the Bank. : Nepal Bank Limited ,Palpa*
   *Name of Account : Dharauti Khata*
   *Office Account no. : 01703000003000000001*
3. Bids must be submitted on Baganaskali Rural municipality Office ,before 12.00hr. Noon on(2081-05-28) 2024-09-13 Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Baganaskali Rural Municipality, Chirtungdhara, Palpa on (2081-05-28)2024-09-13 ,13.00hr. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of NRs. 30000.00 which shall be valid for 30 days beyond the bid validity period.
5. If bidder wishes to submit their Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account of baganaskali Rural Municipality Nepal bank Limited Tansen, Palpa,Account No.01703000003000000001.and submit bank deposit voucher along with the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The name and identification of the contract are as follows:
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the sealed quatation without assigning any reason, whatsoever.

| S.N. | Contract ID | Description of Work | Estimated Amount, NRs. (Excluding (VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | BRM/PLP/GOODS /SQ/01/081-82 | Supply and Delivery of Stationary goods | 1058680.00 | 30000.00 | 1000.00 |

**Chief Administrative Officer**



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**काञ्जी हाउसमा राखिएका छाडा पशुचौपाया:**
नेपालगञ्ज उप-महानगरपालिका-२१ स्थित विर्तामा उप-महानगरपालिकाद्वारा तीन कठ्ठा जग्गामा निर्माण गरिएको काञ्जी हाउस(गौशाला)मा राखिएका छाडा पशुचौपाया ।
तस्विरः रूपनी जिएम / रासस

# विद्युतीय गाडीको प्रयोग बढाउन छलफल

बुटवल । जलवायु परिवर्तन, पेट्रोलियम पदार्थको सीमितता र बढ्दो वायु प्रदूषणका कारण विद्युतीय सवारीको प्रयोग बढ्दो छ ।

शहरलाई प्रदूषणमुक्त बनाउन वातावरणमैत्री सवारी साधन सञ्चालनका लागि बुटवल उप-महानगरपालिका, एसियाली विकास बैंक एडीबी र स्थानीय व्यवसायीहरुका बिचमा छलफल भएको छ । बुधबार बुटवल उप-महानगरपालिकामा भएको छलफलमा तीन पक्षले विद्युतीय सवारी साधनलाई प्राथमिकता दिँदै जानेमा सहमति जनाएका छन् ।

शहरी क्षेत्रको वातावरणीय प्रदूषण कम गर्न र मागभन्दा बढी हुने विद्युत् खपत बढाउनका लागि विद्युतीय सवारीको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बहस चलिरहेको बेला बुटवलमा यसको पहल थालिएको हो । विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिने गरी बुटवल उपमहानगरपालिका, एडीबी र व्यवसायीहरुका बिचमा साझेदारी गर्ने गरी पहिलो चरणको छलफल सकिएको छ ।

छलफलले विद्युतीय सवारी सञ्चालनका मोडलहरु, व्यवसायीलाई दिन सकिने सहुलियत र चार्जिङ तथा मर्मत स्टेशनहरुका बारेमा एकमत व्यक्त गर्दै थप अध्ययनपछि दोश्रो चरणको छलफल गर्ने निष्कर्ष निकालेको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए ।

उनका अनुसार देशमै सबैभन्दा धेरै सवारी साधन भएकोमध्येको शहर बुटवलबाट यसको सुरुवात गर्ने गरी एडीबीले निश्चित लगानीमा बुटवल उप-महानगरपालिकाले प्रोत्साहन गर्ने र व्यवसायीहरुले लगानी गरेर विद्युतीय सवारी सञ्चालन गर्ने खालको मोडलमा जान सकिने उनले जनाए । बुटवलबाट छुट्ने सवारीहरुलाई पर्यटकीय स्थलहरुमा पुऱ्याउने र नियमित सवारी सञ्चालनलाई थप व्यवस्थित गर्ने गरी कुराकानी भएको प्रमुख पाण्डेयले जानकारी दिए ।

छलफलमा सहभागी एडीबीका नेपाल आवासीय मिसनका लिडर अरुण रामामूर्तिले धेरै सवारीको चाप भएको बुटवलबाट विद्युतीय सवारी साधन सञ्चालन गर्ने गरी बुटवल उप-महानगरपालिका र स्थानीय व्यवसायीहरुसँगको छलफल सकारात्मक भएको बताए ।

उनले एडीबीले निश्चित लगानी गरेर यसमा प्रोत्साहन गर्न खोजिरहेको जनाए । विद्युतीय सवारीहरुको उपयोग विश्वव्यापी रुपमा बढ्दै गएको भन्दै उनले वातावरणमैत्री भएकाले पनि यसको उपयोगमा चासो बढिरहेको बताए ।

पश्चिम नेपाल बस व्यवसायी प्रालिका प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले पुराना गाडी विस्थापित गरेर नयाँ गाडी ल्याउँदा विद्युतीय सवारी ल्याउने र यसमा एडीबी र बुटवल उप-महानगरपालिकाको समेत साथ रहने कुरा सकारात्मक रहेको बताए। उनले एडीबी र बुटवल उप-महानगरपालिकाको योजनामा सहभागी हुन इच्छुक रहेको बताएका थिए ।

# करदातालाई सम्मानजनक व्यवहार गर्न माग



सैनामैना । रुपन्देहीको सैनामैनाका व्यवसायी र उद्यमीहरुले करदातालाई राज्यबाट सम्मानजनक व्यववहार नभएको गुनासो गरेका छन् । तीन तहका सरकारलाई कर तिरे पनि राज्यका निकायबाट सम्मानजनक व्यवहार नपाएको बरु उल्टै कर तिर्नका लागि समेत सास्ती भोग्नु परेको उनीहरुको गुनासो छ ।

सैनामैना व्यापार संघको आयोजनामा करदाता शिक्षा, राजस्वका प्रावधान र तीन तहका सरकारका सम्बन्धित निकायको भूमिका विषयक एक दिने प्रशिक्षण तथा अन्तरक्रियामा सहभागी सैनामैनाका अगुवा व्यवसायीहरुले करको दर मात्र बढाउनुको साटो दायरा बढाइ करदातामा प्रोत्साहन जगाउने खालका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् ।

व्यापार संघले सैनामैनामा रहेका साना, मझौला, ठूला व्यवसायी एवम उद्यमीहरुलाई एकै ठाउँमा भेला गरेर कर, राजस्व तथा तिनका क्षेत्र र प्रावधानका बारेमा सम्बन्धित विषय विज्ञहरुमार्फत् प्रशिक्षण सञ्चालन गरेको छ । सोही अन्तरक्रियात्मक प्रशिक्षणमा सहभागी व्यवसायीहरुले करको दर बढाउनेभन्दा पनि दायरा बढाएर करदातामा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिए ।

सैनामैना नगरपालिकाका उपप्रमुख बिना रानाले राज्यले बनाएका विभिन्न नीति नियमहरु, तीन तहका सरकार र तोकिएका विभिन्न शीर्षकका करहरु, राजस्वका अनेक प्रावधानहरुका बारेमा व्यवसायीहरु जानकार हुनुपर्ने बताइन् ।

सरकारले राजस्व बढाउन उद्योगी र व्यवसायीलाई उत्साहित गराउन जरुरी रहेको उल्लेख गर्दै उपप्रमुख रानाले करका प्रावधानलाई नगरभित्र सक्दो सिर्जनशील र व्यावहारिक बनाइने प्रतिबद्धता जनाइन् ।

सैनामैनामा सेवामूलक व्यवसायदेखि उत्पादनमूलक क्षेत्रका व्यवसाय समेत सञ्चालनमा रहेको र तिनै व्यापारी तथा व्यवसायी र उद्यमीहरुलाई एकै ठाउँमा भेला पारेर कर तथ राजस्वका बारेमा प्रशिक्षण सञ्चालन गरिएको सैनामैना व्यापार संघका अध्यक्ष सुरेन्द्र पौडेलले जानकारी दिए ।

करका दर कम गर्ने र करको दायरा बढाउनेतर्फ तीनै तहका सरकारले ध्यान दिनुपर्ने संघका वरिष्ठ उपाध्यक्ष देवीदत्त सुवेदीले बताए ।

व्यापार व्यवसायका क्षेत्रमा लागु भएका सबै प्रकारका कर, सबै तहका राजस्व र व्यवसायीले गर्नुपर्ने अनिवार्य कामका बारेमा सबै व्यवसायीहरुलाई अपडेट बनाउने र करदाताको उचित सम्मान हुनुपर्नेमा आफुहरुको जोड रहेको संघका महासचिव भीमप्रसाद सुवेदीले बताए ।

उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृतहरु खडानन्द खरेल, प्रकाश गौतम, राजस्व अनुसन्धान कार्यालय बुटवलका अधिकृत दिपेन्द्र श्रेष्ठ, सैनामैना नगरपालिकाका कर अधिकृत शिवलाल घिमिरे र राजस्व शाखाका कर्मचारी सुजन भण्डारीलगायतले करका विभिन्न प्रावधान र राजस्वका क्षेत्रहरुका बारेमा सहजीकरण गराउनुका साथै कर र राजस्वका अलग अलग विषयमा प्रशिक्षण दिएका थिए ।


## डेगीबाट बच्ने उपायहरु

-लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्छ ।
-लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
-घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी, जम्न नदिऔं,
-पानी राखेको भाँडालाई छोपेर राखौं,
-लामखुट्टे भगाउने धूप कालो र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
-घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं ।
-अध्याँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं,
-एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जागृति बहुउद्देश्यीय सहकारी संस्था लि.
बुटवल-९, मिलनचोक,रूपन्देही

## २३ औं वार्षिक साधारण तथा ७ औं अधिवेशन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०५।१३

आदरणीय शेयर सदस्यज्यूहरु,

यस संस्थाको मिति २०८१/०४/२० गते बसेको सञ्चालक समितिको बैठकबाट संस्थाको २३औं वार्षिक साधारणसभा तथा ७औं अधिवेशन देहायमा उल्लेखित प्रस्ताव उपर छलफल गरी पारित गर्न निम्न मिति, समय र स्थानमा बस्ने निर्णय भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०८१ असोज १९ शनिबार**
**समय : बिहान ९ बजे**
**स्थान : एसियन पार्टी प्यालेस, बुटवल-९ इट्टाभट्टी, रूपन्देही**

**प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन पारित गर्ने ।
२. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने ।
३. आ.व. २०८०/०८१ वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने ।
४. आ.व.२०८१/०८२ को अनुमानित बजेटसहितको कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।
५. आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।
६. आर्थिक वर्ष २०८०/०८१ को सेयर लाभांश कोष र कारोबारमा आधारित संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण गर्ने ।
७. संस्थाको कर्जा असुली कार्यविधि स्वीकृत गर्ने तथा अन्य कार्यविधिहरुमा संशोधन/अद्यावधिक पारित गर्ने ।
८. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यबाट प्रतिनिधि छनौट गर्ने ।
९. निर्वाचन सम्बन्धमा ।
१०. विविध

*पुनश्च* – **कार्यक्रम सम्बन्धमा केही सुझाव तथा सल्लाह भए असोज ११ गतेभित्र कार्यालयमा जानकारी गराउनु होला ।**

- कक्षा १२ मा सरकारी विद्यालयतर्फ 2.8 GPA र निजीतर्फ 3.6 GPA भन्दा माथि अंक प्राप्त गर्नेलाई सम्मान गर्ने तथा प्राप्त प्रमाण पत्रमध्येबाट उत्कृष्ट छात्र/छात्रा १/१ जनालाई नगदसहित तथा एमबीबीएस, इञ्जिनियरिङ, नर्सिङ विषयमा स्नातक, जुनसुकै विषयमा स्नातकोत्तर, एमफिल र विद्यावारिधी उत्तीर्ण गर्ने शेयर सदस्य वा निजको छोरा छोरीलाई सम्मान गरिने हुनाले मिति २०८१ असोज ११ भित्र शैक्षिक योग्यताको प्रमाणपत्र संस्थाको कार्यालयमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

*नोटः* –साधारणसभामा उपस्थित शेयर सदस्यहरुलाई यातायात खर्च तथा खानाको व्यवस्था गरिएको छ ।

सभा सम्बन्धि थप जानकारीको लागि सम्पर्कः ९८५७०७१८५३, ०७१-५५४११२
इमेलः jagriticoop1@gmail.com



## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

## आले डेण्टल हस्पिटल प्रा. लि.

श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (मुड्कीचोक देखि ५० मिटर पूर्व)

071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com